# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) सुर्खेत, मार्ग १ गते, २०७६ साल (अतिरिक्ताङ्क ८


## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संम्वत् २०७६ सालको ऐन नं. १०

## प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** गुणस्तरीय कृषिजन्य वस्तुको उपभोग मार्फत् नागरिकको संविधानप्रदत्त मौलिक हकलाई व्यवस्थित ढङ्गले उपयोग गर्न, मानव स्वास्थ्य तथा पर्यावरणीय सन्तुलन कायम राख्दै प्राङ्गारिक खाद्यवस्तुको संरक्षण, उत्पादन, बिक्री वितरण र प्रवर्धनमा टेवा पुर्याउन कृषि भूमिको उर्बरा शक्ति तथा उत्पादन क्षमतालाई दिगो राख्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन कर्णाली प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

(३) यो ऐन कर्णाली प्रदेशभर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्राङ्गारिक (अर्गानिक) कृषि" भन्नाले रसायन, रसायनमा आधारित विषादी, हर्मोन, नगल्ने प्लाष्टिक तथा रसायनमा आधारित औषधिहरूको प्रयोग नगरी स्थानीय विशेषतामा आधारित दिगो कृषिका मापदण्ड अपनाई गरिएको कृषि वा कृषिजन्य उत्पादनलाई सम्झनुपर्छ र सो शब्दले पशुपंक्षी पालन तथा वनजन्य खानेकुरा र औषधिजन्य जडीबुटी उत्पादनको एकीकृत प्रणालीलाई समेत जनाउँदछ ।

(ख) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(ग) "निर्देशक समिति" भन्नाले ऐनको दफा ११ बमोजिम गठन भएको प्राङ्गारिक कृषि निर्देशक समिति सम्झनुपर्छ ।

(घ) "प्रमाणीकरण" भन्नाले तोकिएको वैज्ञानिक प्रक्रिया अपनाई कुनै कृषि, वन तथा पशुपंक्षीजन्य उपजको निर्धारित गुणस्तर कायम गर्नको लागि पूरा गर्नुपर्ने





शर्तहरू पूरा भएको सुनिश्चितताको लागि दिइने आधिकारिक प्रमाणपत्र वा मान्यतालाई सम्झनुपर्छ ।

(ङ) "प्रमाणीकरण निकाय" भन्नाले तोकिएको वैज्ञानिक मापदण्ड अनुसार उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, भण्डारण, ढुवानी र लेबलिङ्ग सुनिश्चित गर्ने निकायलाई सम्झनुपर्छ ।

(च) "मापदण्ड" भन्नाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता बमोजिम तयार गरिएको प्राङ्गारिक कृषिका आधार सम्झनुपर्छ ।

(छ) "खाद्य योगशील (फुड एडिटिभ)" भन्नाले खाद्य वस्तुको गुणस्तर (पोषण तत्व, बास्ना, स्वाद, एकरूपता, भण्डारण क्षमता र आकर्षण) बढाउन प्रयोग गरिने खाद्य वस्तुको पूरक सम्झनुपर्छ ।

(ज) "प्रतिवन्धित वस्तु" भन्नाले प्राङ्गारिक (अर्गानिक) उत्पादन, भण्डारण, प्रशोधन तथा वितरण प्रक्रियामा प्रयोग गर्न आधिकारिक निकायले प्रतिबन्ध लगाएको वस्तु सम्झनुपर्छ ।

(झ) "सूचक-पत्र (लेबलिङ्ग)" भन्नाले सार्वजनिक जानकारी तथा बिक्री प्रवर्धन गर्ने उद्देश्यले लेखिएको वा प्रिन्ट गरी उत्पादित वा प्रशोधित वस्तुमा लगाइएको छाप वा पुर्जा वा विवरणलाई सम्झनुपर्छ ।

(ञ) "प्रमाणीकरण चिन्ह" भन्नाले प्रमाणीकरण निकायले तय गरेको शर्तहरू पूरा गरेको भनी प्रमाणीकरणको लागि दिइने सङ्केत, चिन्ह वा प्रतीकलाई सम्झनुपर्छ ।

(ट) "साझेदार निकाय" भन्नाले प्राङ्गारिक (अर्गानिक) कृषि विकासको लागि आर्थिक तथा प्राविधिक रुपमा सहयोग गर्ने सरकारी, गैरसरकारी, सहकारी, सामुदायिक र निजी कम्पनी समेतलाई सम्झनुपर्छ ।

(ठ) "आनुवांशिक संशोधित गुण" भन्नाले आनुवांशिक प्रविधि प्रयोग गरी सविन्यास गरिएको गुणलाई सम्झनुपर्छ ।

(ड) "प्राङ्गारिक (अर्गानिक) कृषि अनुसन्धान तथा विकास केन्द्र" भन्नाले दफा १४ बमोजिमको केन्द्र सम्झनुपर्छ ।

(ढ) "प्रयोगशाला" भन्नाले दफा २० बमोजिम स्थापना भएको प्रयोगशाला सम्झनुपर्छ ।

(ण) "रैथाने बाली" भन्नाले परम्परादेखि स्थानीय रूपमा उत्पादन भएको र सम्बन्धित स्थानमा मात्र उत्पादन हुने बाली सम्झनुपर्छ ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद -२

## भू-उपयोग तथा प्राङ्गारिक कृषि वस्तुको मापदण्ड

३. **<u>भू-उपयोग सम्बन्धी व्यवस्था:</u>** (१) प्रदेश सरकारको स्वीकृतिमा मन्त्रालयले कृषियोग्य जमिनको वर्गीकरण गरी जैविक क्षेत्रको पहिचान र भू-उपयोग योजना तयार गर्नेछ ।





(२) प्राङ्गारिक उत्पादनलाई संरक्षण र सम्वर्धन गर्नको लागि देहायका कामहरू गर्न प्रतिबन्ध लगाउन सक्नेछः

(क) जुन प्रयोजनको लागि भूमिको वर्गीकरण गरिएको हो, सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्ने,

(ख) भूमिको उत्पादकत्वमा असर पर्ने गरी प्राकृतिक स्वरूप परिवर्तन गर्न नपाइने,

(ग) जग्गाको खण्डीकरण गर्न नपाइने ।

४. **<u>प्राङ्गारिक कृषि उपजमा विषादीको प्रयोग गर्न नहुने:</u>** प्राङ्गारिक कृषि उपजमा कुनै किसिमको रसायनिक वा हानिकारक जैविक विषादी प्रयोग गर्नु हुदैन ।

५. **<u>प्राङ्गारिक कृषिका मापदण्ड तोक्न सक्ने:</u>** प्राङ्गारिक कृषि उत्पादनका लागि भू-उपयोग, कृषि, बिउविजन, चरन, घाँस, जैविकी, दाना लगायत अन्य उत्पादन सामग्री, कृषि उपजको बजारीकरण, प्याकेजिङ्ग, भण्डारण, प्रशोधन, लेबलिङ्ग तथा गुणस्तर नियन्त्रण सम्बन्धी मापदण्ड तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद — ३

## प्राङ्गारिक कृषिको प्रवर्धन

६. **<u>प्राङ्गारिक कृषिको व्यावसायीकरण, विविधिकरण र बजारीकरण:</u>** (१) प्राङ्गारिक कृषिलाई व्यवस्थित तवरले सञ्चालन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको व्यवस्था गरिनेछः—

(क) प्राङ्गारिक कृषिको लागि आवश्यक पर्ने प्रदेश नीति तथा योजना तयार गर्ने,